**मेल्लेख गाउँपालिका**

**स्थानीय राजपत्र**

**खण्ड ७ संख्या: ५ मिति: २०८१।०९।२३**

**भाग-२**

**मेल्लेख गाउँपालिका**

# कृषी तथा पशु अनुदान वितरण कार्यविधि, २०८१

**<u>प्रस्तावना:</u>** मेल्लेख गाउँपालिका क्षेत्रभित्रका किसानहरुलाई व्यवसायिक र प्रतिष्पर्धी बनाई उनीहरुको आयमा बृद्दि गरी स्वावलम्बी बनाउन बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम मेल्लेख गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद- १

## <u>संक्षिप्त नाम र प्रारम्भ</u>

१. संक्षिप्त नाम:- यस कार्यविधिको नाम कृषि तथा पशु अनुदान वितरण कार्यविधि, २०८१ रहने छ ।

२. प्रारम्भ :- यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

## परिच्छेद- २

## परिभाषा

विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"गाउँपालिका**" भन्नाले मेल्लेख गाउँपालिकालाई सम्झनु पर्दछ ।

ख) **"अध्यक्ष**" भन्नाले मेल्लेख गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ग) "**उपाध्यक्ष**" भन्नाले मेल्लेख गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

घ) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले मेल्लेख गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

ङ) "**आर्थिक विकास समितिको संयोजक**" भन्नाले गाउँपालिकाको विषय क्षेत्रगत समिति अन्तर्गतको आर्थिक विकास समिति सम्झनु पर्दछ ।

च) **"वडा"** भन्नाले मेल्लेख गाउँपालिकाका सबै वडाहरुलाई सम्झनु पर्दछ ।

छ) "**कृषि पशु अनुदान"** भन्नाले कृषि पशुपंक्षी कार्यका लागी गाउँपालिकाले उपलब्ध गराउने अनुदानलाई सम्झनु पर्दछ ।

## परिच्छेद- ३

## अनुदान वितरणका क्षेत्रहरु

क) **साना सिँचाई** :- व्यक्तिगत, व्यावसायिक वा सहकारी आबद्द भएर खेती गर्ने कृषकहरुलाई गाउँपालिका तथा वडा कार्यालयबाट साना सिचाई, कुलो मर्मत पाईप वितरण गरी खेती योग्य जमिनमा सिँचाईको व्यवस्था गरिनेछ ।

ख) **साना औजार** :- व्यक्तिगत, व्यावसायिक फर्म, समुह र सहकारीमा आबद्द कृषकहरुलाई गाउँपालिका तथा वडाहरु मार्फत कृषि तर्फ विनियोजन भएका रकमबाट हाते ट्याक्टर, पावरटिलर, थोपा सिँचाई प्रणालीहरु र प्लाष्टिक टनेलमा ५०% अनुदान दिईने छ ।

ग) **बीउ वितरण** :- गाउँपालिका र वडाहरुमा विनियोजन भएको कृषि तर्फको रकमबाट किसानहरुलाई उन्नत बीउ, मुल बिउ, मल, कीटनाशक विषादीहरु नि:शुल्क र अन्य उत्पादन संग सम्बन्धि कृषि सामाग्रीहरुमा ५० प्रतिशत अनुदान दिने व्यवस्था मिलाईने छ ।

घ) **कृषि अनुदान वितरण** :- मेल्लेख गाउँपालिका भित्र व्यावसायिक रुपमा गरिने नगदे तथा औधोगिक बाली, रैथाने बाली, तरकारी तथा फलफुल बालि, मसला तथा जडिबुटी खेती तथा पशुपंक्षी पालन गर्ने तथा गरिरहेका कृषक/ कृषि फर्म / कृषक समुह / कृषि सहकारीहरुलाई कृषि क्षेत्र विस्तार, प्रवर्द्दन तथा बजारिकरण गर्न कृषि अनुदान स्वरुप नगद तथा जिन्सि सामान निवेदकको मागका आधारमा आवश्यकता पहिचान गरि कार्यपालिकाको बैठकको निर्णय बमोजिम रु पाँच लाखमा नबढ्ने गरी अनुदान उपलब्ध गराउन सकिने छ ।

ङ) परिच्छेद-३ को घ बमोजिम अनुदान प्राप्त गर्न अनुसूची १ बमोजिमको मापदण्ड पुरा गरेको हुनुपर्ने छ ।

च) **तालिम** :- कृषकहरुलाई व्यावसायिक बनाउन र नया प्रविधिहरु सिकाउने खालका तालिम कार्यक्रमहरु गाउँपालिका तथा वडाहरुबाट प्रदान गरिने छ ।

छ) **प्रोत्साहन** :- कृषि तथा पशुपंक्षी क्षेत्रमा उत्कृष्ट किसानहरुलाई कम्तीमा रु. १ लाख सम्मको रकम प्रोत्साहन स्वरुप प्रदान गरिने छ ।

## परिच्छेद- ४

## व्यवस्थापन खर्च

क) कृषि र पशु अनुदान सिफारिस तथा सहजीकरण एकै कृषक सहकारी संस्था वा समुहबाट भएकोले पशुपालन अनुदानमा रहेको व्यवस्थापन खर्च मात्र प्रदान गरिनेछ ।

ख) लोकल कुखुरा, अण्डा उत्पादन, भैसि पालन, बाख्रापालन, कालिज पालन, मौरी पालन, ट्राउट माछा पालन, बङ्गुर पालन जस्ता पशुपंक्षी व्यावसायीलाई ५० प्रतिशत साझेदारीमा अनुदान उपलब्ध गराईने छ ।

**परिच्छेद- ५**

**व्यवस्थापन समिति**

कृषि तथा पशु अनुदान व्यवस्थापन गर्न गाउँपालिकामा निम्न बमोजिमको व्यवस्थापन समिति रहनेछ :-

१) गाउँपालिका अध्यक्ष - अध्यक्ष

२) उपाध्यक्ष - सदस्य

३) आर्थिक विकास समितिको संयोजक - सदस्य

४) पशु विकास शाखा प्रमुख - सदस्य

५) कृषि विकास शाखा प्रमुख - सदस्य सचिव

समितिको बैठकमा आवश्यकता अनुसार बढीमा दुईजना सम्म विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

**परिच्छेद- ६**

**अनुगमन तथा मुल्यांकन**

क) यस कार्यविधि अनुरुप काम भए नभएको सम्बन्धमा कार्यपालिकाले अनुगमन गरी सुझाव दिन सक्नेछ ।

ख) यस कार्यविधि बमोजिम वितरण भएको अनुदान रकमको जानकारी गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**परिच्छेद- ७**

**संशोधन तथा परिमार्जन**

मेल्लेख गाउँपालिकाले यो कार्यविधि जुनसुकै समयमा संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

**परिच्छेद- ८**

**खारेजी तथा बचाउ**

यो कार्यविधि प्रचलित संघिय कानुन, प्रदेश कानुन र मेल्लेख गाउँपालिकाका कानुन संग बाझिएमा बाझिएको हदसम्म खारेज वा संशोधन हुनेछ ।

## <u>अनुसूची- १</u>

१. कृषक समुह तथा सहकारीले फर्म प्यानमा दर्ता भई कम्तिमा दुई वर्ष देखि निरन्तर रुपमा कृषि कार्य गरिरहेको हुनुपर्ने छ ।

२. कम्तिमा दुई रोपनी क्षेत्रफलमा व्यावसायिक रुपमा कृषि कार्य गरेको हुनु पर्ने छ ।

३. कम्तिमा दुई रोपनी क्षेत्रफलमा व्यावसायिक रुपमा कृषि कार्य गरेको हुनु पर्ने छ ।

४. कृषि कार्य मार्फत रोजगारी तथा बजारीकरण तर्फ उन्मुख भएको हुनुपर्नेछ ।

५. अनुदान प्राप्त गर्न यस गाउँपालिकाको कृषि विकास शाखा र पशु शाखामा दर्ता तथा सुचिकरण भएको हुनुपर्ने छ ।

६. अनुदान प्राप्त गर्न कम्तिमा १० वर्ष व्यावसायिक रुपमा कृषि कार्य निरन्तर गर्न प्रतिबद्दता पेश गर्नुका साथै कार्ययोजना हुनुपर्नेछ ।

७. वडा कार्यालयको सिफारिस गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

८. रैथाने बाली प्रवर्धनका लागि निजी जग्गा तथा बाझो जग्गाको उपयोग गर्न सकिने छ ।जस अन्तर्गत सार्वजनिक खरिद ऐन बमोजिम आवश्यकता अनुसार ठेक्का तथा टेन्डरमा लगाउने व्यवस्था गरिने छ ।

९. लोकल कुखुरा, भैसीपालन, अण्डा उत्पादन, बाख्रापालन, मौरी पालन, ट्राउट माछा पालन, बङ्गुर पालन गर्ने कृषि व्यवसायीले आधुनिक खोर निर्माण, पोखरी निर्माण तथा अधुनिक घारको निर्माण गरेको हुनुपर्नेछ र ५० प्रतिशत आफ्नै लगानी गरेको हुनुपर्नेछ ।

१०. सम्पूर्ण कृषि तथा पशुपंक्षी व्यवसायीले अनिवार्य पशु विमा र कृषि विमा गरेको हुनुपर्नेछ ।

११. यस गाउँपालिकाको कृषि विकास तथा पशु शाखाको फिल्ड अनुगमान पश्चात प्रतिबेदन तथा सिफारिसको

आधारमा अनुदान उपलब्ध गराईनेछ ।

**आज्ञाले,**

**हिक्मत बहादुर बुढा**

**नि. प्रमुख प्रशासकीय अधिकृत**